# महाबु गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
गैडाबाज, दैलेख

कर्णाली प्रदेश नेपाल


प.स.-२०८०/०८१ च.न: मितिः२०८१।०१।०४ ने.सं. ११४४ चौलाथ्व, ८ मंगलवार

## राजश्व परामर्श समितिको सूचना ।

महाबु गाउँपालिकाको राजस्व परामर्श समितिले वार्षिक बजेट तथा कार्यक्रम कर, गैरकर तथा शुल्कका दर दायरा क्षेत्र र राजस्व नीति सन्दर्भमा सबै वर्ग र क्षेत्रबाट सुझावहरु संकलन गरी विभिन्न क्षेत्रमा गर्नुपर्ने सुधारका बारेमा गाउँपालिकालाई सुझाव दिदै आएको छ । यसै सन्दर्भमा आगामी आ.व २०८१।०८२ को आर्थिक ऐन र बजेट तर्जुमाका सन्दर्भमा समग्र राजस्व प्रशासनको सवलीकरण र विद्यमान राजस्व नीति कर, गैरकरका दर, व्यवसाय कर, सम्पति कर, घर बहाल कर, बहाल बिटौरी कर लगायत कर र गैरकरका दायरा र परिमार्जनका सम्बन्धमा आफना अमूल्य सुझावहरु आगामी २०८१ बैशाख मसान्त सम्म यस गाउँपालिकाले राजस्व शाखामा उपलब्ध गराई दिनु हुन सबै राजनीतिक दल, उद्योग बाणिज्य संघ, व्यापार संघ, संस्था, बुद्धिजिवी, विज्ञ विद्वान, व्यवसायी, समाजसेवी, पेशाकर्मी, कर्मचारी, शिक्षक, विधार्थी, स्वास्थ्यकर्मी, टोल विकास संस्था, संचार क्षेत्र, शिक्षा क्षेत्र, कृषि तथा सहकारी क्षेत्र, वितीय क्षेत्र, निजी क्षेत्र, बजार विकास समितिहरु लगायत आम महाबु गाँउपालिकावासीमा हार्दिक अनुरोध छ ।

उपरोक्त सुझावहरुको लागि राजस्व परामर्श समिति संयोजक श्री मञ्जु कुमारी शर्मा पाण्डे (९८४८०६२९०३),गाउँपालिका सूचना अधिकारी श्री अनिल कुमार पाण्डे ९८४८१०७२७८) र राजस्व शाखा प्रमुख श्री सुरेन्द्र न्यौपाने (९८६८०३१९६१)info@mahabumun.gov.np मार्फत उपलब्ध गराउन सकिने व्यहोरा समेत जानकारीको लागि अनुरोध छ ।

२०८१।०१।०४

(उदयराज उपाध्याय)

प्रमुख प्रशासकीय अधिकृत

उदयराज उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत